संघीय संसद

राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

## राष्ट्रिय सभामा उत्पन्न प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

१. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (२) मा रहेका "२०७५" भन्ने अङ्कहरुको सट्टा "२०७६" भन्ने अङ्कहरु राख्ने ।

२. विधेयकको दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) उपदफा (१) को खण्ड (ग) पछि देहायका खण्ड (ग१) र (ग२) थपिएका छन् :-

"(ग१) नेपालको राष्ट्रिय गान,

(ग२) नेपालको निशान छाप,"

३. विधेयकको दफा ४ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) विदेशी राज्यको सरकारबाट प्राप्त भएका प्रमाण सही रुपमा प्राप्त भएका छन् भन्ने अदालतले अनुमान गर्नेछ ।"

४. विधेयकको दफा ६ अन्तर्गत प्रमाण ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ९ पछि थप्न प्रस्तावित दफा ९क. मा रहेका "पोल गरेमा प्रमाणमा लिन सकिनेछ" भन्ने शब्दहरुको सट्टा "पोल गरेकोमा त्यस्तो पोल अन्य प्रमाणबाट पुष्टि भएमा प्रमाणमा लिन हुन्छ" भन्ने शब्दहरु राख्ने ।

५. विधेयकको दफा ७ अन्तर्गत मूल ऐनको दफा ११ को सट्टा प्रस्तावित दफा ११ को सट्टा देहायको दफा ११ राख्ने :-

"११. <u>मृत्युकालिन अभिव्यक्ति (डाईङ्ग डिक्लेरेशन)</u> : कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा मृत्यु हुनु अघि होस छँदै निजको मृत्युको कारणका सम्वन्धमा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ ।"

*क्रमश:*

६. विधेयकको दफा १८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) उपदफा (३) मा रहेका "यस दफाका अन्य उपदफामा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (२) मा" भन्ने शब्दहरु राखी यसै उपदफामा रहेको "आदेश" भन्ने शब्दपछि "वा राखिएका अभिलेख" भन्ने शब्दहरु थपिएका छन् ।"

७. विधेयकको दफा १९ अन्तर्गत मूल ऐनमा थप्न प्रस्तावित दफाहरुमध्ये दफा ३७ग. को उपदफा (२) मा रहेको "प्रतिवादीहरु" भन्ने शब्दको सट्टा "प्रतिवादी" भन्ने शब्द राख्ने ।

८. विधेयकको दफा ३१ अन्तर्गत मूल ऐनको दफा ५३ को सट्टा प्रस्तावित दफा ५३ मा रहेको "जुनसुकै" भन्ने शब्द झिक्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

मिति : २०७६/०३/२०